बालबालिकाका लागि बाइबल

को प्रस्तुती



# एक केटी जो दुइपल्ट बाचे

लेखन: Edward Hughes

चित्र: Janie Forest

संयोजन: Ruth Klassen

अनुवाद: Mrs. Trifaina Subba

प्रकाशक: Bible for Children
www.M1914.org

©2017 Bible for Children, Inc.
अनुमतिपत्र: यो कथा सित्तैंमा वितरण गर्नको निम्ति मात्र प्रतिलिपि गर्न वा छाप्न अनुमति दिइएको छ तर बिक्रीका लागि होइन।

याइरस एक यहूदी धर्म गुरू थिए जसले परमेष्वरलाई आराधना गर्थे अनि अरूहरूलाई उहाँको वचन बाँड़दथे। एकदिन, डरलाग्दो परिस्थिति याइरसकोमा आयो।



उनको बाह्र वर्शिय छोरी बिमारी थियो अनि कसैले पनि सहायता गर्दैन थियो। त्यो खराब बिमारी थियो अनि याइरसले सुने कि उनी मर्दैछिन्।



एकमात्र व्यक्तिले मात्र उनको सहायता गर्न सक्छ। याइरस येषूलाई खोजी आफ्नो घरमा ल्याउन गए। याइरसको धार्मिक मित्रहरूले येषूलाई मनपराउँदैन थिए होला तर याइरसले वास्ता गरेनन्। उनको छोरी मर्न अघि चाँड़ो उनलाई सहायता चाहिएको थियो।



याइरसले येषूलाई



मानिसहरूले घेरिरहेको बेला भेट्टाए। उनी येषूको खुट्टानेर घोप्टो परेर भने, “त्यस निराष मानिसले बिन्ति गरे कि ...



… मेरो छोरी मृत्युको मुखमा लड़िरहेको छ।”

“आउनुहोस् अनि तपाईंको हातले मेरो छोरीलाई छोइदिनुहोस् ताकि उनी बाँच्न अनि जिउन सकोस्।”



येषू याइरससंग गए तर भीड़को कारणले तिनीहरू छिट्टो जान सकेनन्। बाह्र वर्शदेखि एकजना स्त्री बिमारी भइरहेकी थिइन्। केही सहायता नमागी उनले सबै कुरो आफू निको हुनको लागि गरिन्। अहो! कसरी उनले येषूलाई हेर्न चाहिन्।



त्यस स्त्रीले के गरिन्? “उहाँको पोषाक मात्र छोएँ भने पनि म निको हुनेछु” भनी उनले सोचेकी थिइन्। उनले येषूको पोषाकको किनार छोइ।



आष्चर्य! आष्चर्य!
त्यो स्त्री निको भइन्।
त्यतिखेरै! पूर्णरूपले! उनलाई
थाह भई कि उनी बलियो
अनि पूरा चंगाइ भइन्।
त्यहाँ येषूले भन्नुभयो,
“कसले मेरो पोषाक छोयो?”
तर त्यो चंगाइ पाएकी
स्त्रीले काम्दै आएर सबै
कुरा येषूलाई बताइदिइन्।

त्यतिबेला याइरसको घरबाट एक दासहरू आए। तिनीहरूको अनुहारले नै केही दुःखको खबर होला भनी बुझे। “तिम्रो छोरी मÚयो” भनी याइरसलाई भने। मÚयो! साह्रै ढिलो भइसक्यो। यद्‍यपि, यदि ती स्त्रीले ढिलो नगरेको भए ... यद्‍यपि, यदि ... मÚयो! याइरसको बहुमूल्य छोरी छोडे़र गई।





जब येषूले यो कुरा सुने तब उहाँले भन्नुभयो, “नडराऊ विष्वास मात्र गर, अनि उ निको हुनेछिन्।” तिनको छोरी मरेको बेला कसरी तिनले येषूलाई विष्वास गर्न सक्नेथियो।

घरभित्र सबैजना रूइरहेका र षोकगरिरहेका थिए। येषूले तिनीहरूलाई भन्नुभयो, “ठिटी मरेकी छैन, तर सुतिरहेकी छ।” तिनीहरू येषूमाथि हाँस्न लागि कि तिनीहरूलाई थाह थियो कि ठिटी मरेकी छिन्।



येषूले ठिटीको हात समातेर भने, "ए सानो ठिटी, उठ।" याइरस तिनको स्वास्नी अनि येषूका तीन चेलाहरू पनि त्यहाँ थिए। तिनीहरू सबैले येषूको वचन सुने। हुनसक्छ, त्यो सानो मरेकी ठिटीले तिनीहरूलाई सुने?



त्यस मरेकी ठिटीले येषूको आज्ञालाई सुने अनि उनको आत्मा फर्केर आई अनि त्यतिखेरै उठी। येषूले उनलाई मृत्युबाट उठाए।



ठिटीको माता-पिता छक्क परे। केही खान दिनु भनी येषूले तिनीहरूलाई भन्नुभयो। कति खुषी अनि धन्यवादी तिनीहरूले येषूलाई दिए। किनकि उहाँ अचम्भको प्रे◌ेम अनि षक्तिले तिनीहरूको छोरीलाई मृत्युबाट जीवित पारे।



# एक केटी जो दुइपल्ट बाचे

## परमेश्वरको वचन बाइबलबाट लिइएको कथा

जुन

## मर्कूस 5, लूका 8

"तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ।"
भजनसंग्रह ११९:१३०

# समाप्त

बाइबलको यो कथाले हाम्रा अद्भूत परमेश्वरको बारेमा बताउँदछ जसले हामीलाई बनाउनुभयो। तिमीले उहाँलाई चिन भन्ने उहाँ चाहनुहुन्छ।

हामीले खराब कामहरू गरेका छौं भन्ने परमेश्वर जान्नुहुन्छ जसलाई उहाँ पाप भन्नुहुन्छ। पापको सजाय मृत्यु हो, तर परमेश्वरले तिमीलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तिम्रा पापको निम्ति क्रूसमा मरेर सजाय भोग्न उहाँले आफ्ना एकमात्र पुत्र येशूलाई पठाउनुभयो। त्यसपछि प्रभु येशू फेरि जीवित हुनुभयो र स्वर्गको आफ्नो घरमा जानुभयो। यदि तिमीले प्रभु येशूमा विश्वास गर्‍यौ र तिम्रा पापहरू क्षमा गरिदिन उहाँसँग बिन्ती गर्‍यौ भने उहाँले तिमीलाई क्षमा गर्नुहुनेछ। अनि उहाँ तिमीभित्र आएर वास गर्नुहुन्छ र तिमी सधैंभरि उहाँसँगै बस्नेछौ।

यदि तिमी यो कुरा साँचो हो भनी
विश्वास गर्छौं भने परमेश्वरलाई यसो भन:
प्यारो प्रभु येशू, तपाईं परमेश्वर हुनुहुन्छ, मेरा पापहरूको
निम्ति मर्न तपाईं मानिस बन्नुभयो र अहिले फेरि जीवित
हुनुभएको छ भनी म विश्वास गर्दछु। कृपा गरी मेरो
जीवनमा आउनुहोस् र मेरा पापहरू क्षमा गर्नुहोस् ताकि मैले
अहिले नयाँ जीवन पाउन र सधैंभरि तपाईंसँग बस्न सकूँ।
तपाईंको आज्ञा पालन गर्न र तपाईंको सन्तान भएर तपाईंको
निम्ति जिउन मलाई सहायता गर्नुहोस्। आमेन।

दिनहुँ बाइबल पढ र परमेश्वरसँग कुराकानी गर।
यूहन्ना ३:१६